
# वार्षिक प्रगति बुलेटिन

## आ.व. २०७९/८०






नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय

जलश्रोत तथा सिँचाइ विभाग

**बागमती सुधार आयोजना**

**आयोजना कार्यान्वयन सिँचाइ इकाई**

गुह्येश्वरी, गौरीघाट, काठमाडौं

# धाप बाँध





## परिचय

बागमती नदी नेपालको राजधानी काठमाण्डौको बिच भागबाट बग्ने धार्मिक, साँस्कृतिक एवं ऐतिहाँसिक महत्व बोकेको प्रमुख नदी हो । यस नदीको प्रमुख सहायक नागमती नदीको शिरमा निर्मित धाप बाँध काठमाण्डौ उपत्यकाको पूर्वोत्तर भागमा गोकर्णेश्वर नगरपालिकाको वडा नं १, शिवपुरी नार्गाजुन राष्टिय निकुञ्ज क्षेत्र भित्र धाप भन्ने स्थानमा पर्दछ । धाप ड्याम काठमाण्डौको चावहिल क्षेत्रवाट करिव ३५ कि.मि. दुरीमा अवस्थित रहेको छ भने गाडीबाट यात्रा गर्दा करिव २ घण्टाको समयमा पुग्न सकिन्छ ।

## अवस्थिति

चौबिस मिटर अग्लो बाँध निर्माण गरी वर्षात्को पानी संकलन गरेर बाँकी समयमा आवश्यकता अनुसार क्रमशः छाड्ने र बागमती नदी प्रवाहमा सुधार ल्याउने उदेश्यका साथ शुरु गरिएको यस बाँधले करिव १४ लाख घन मिटर पानी भण्डारण गर्ने क्षमता राख्दछ । बर्षात्मा खेर जाने पानीलाइ संकलन गरेर सुख्खा याममा प्रवाह गर्ने, जलजन्य पर्यावरणको सुधारका साथै धार्मिक, साँस्कृतिक मनोरंजन, पर्यटन, भुमिगत जल पुर्नभरण, आकस्मिक अवस्थामा पिउनको लागि पानी वितरण लगायतको बहुउपयोगी प्रयोजनको लागि धाप बाँध जलाशयको पानी प्रयोग हुने देखिएको छ ।



## आयोजनाको मुख्य विवरण

| Item | Description |
|---|---|
| Dam type | Concrete Face Rockfill Dam (CFRD) |
| Dam height (D/S toe to crest) | 24.00 m |
| Dam top Length (Crest Length) | 175 m |
| Dam top Width width | 8 m |
| Dam bottom width | 100 m |
| Dam top Elevation | 2090.14 m |
| Gross Reservoir Volume | 14,26,000 m3 |
| Reservoir Area at FSL | 16 ha |
| Number of Saddle Dams | 3 |
| Purpose of the Dam | To boost dry season flow in Bagmati river during festivals |

## यस आर्थिक वर्षमा धाप बाँध अन्तर्गत भएका प्रमुख निर्माण कार्यहरू

### धाप बाँधको निर्माण सम्पन्न






धाप बाँधको मुख्य ठेक्का अन्तर्गतका कार्यहरू सम्पन्न भए संगै धाप बाँधको निर्माण कार्य सम्पन्न हुन पुगेको छ । मुख्य बाँध एक, सहायक बाँधहरू तीन, सुन्दरीजल देखि धाप बाँध सम्मको २१ कि. मि. सडक र अन्य वातवरणीय कार्यहरू यसै आ. व. मा सम्पन्न भएका हुन । मिति २०७९ फाल्गुण ४ गतेका दिन माननीय उपप्रधान तथा उर्जा जलश्रोत तथा सिँचाइ मन्त्री राजेन्द्र प्रसाद लिङ्देन ज्यू बाट शहरी बिकास मन्त्री मा. विक्रम पाण्डे ज्यू, सम्वन्धित क्षेत्रका माननीय सांसद, नगरपालिका प्रमुख लगायतका जनप्रतिनिधीहरू, शहरी विकास मन्त्रालय तथा उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय तथा विभागका अतिथिहरूको उपस्थितिमा धाप ड्यामको उद्घाटन कार्य सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रम अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिका अध्यक्ष श्री उद्धव तिमल्सेनाज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### क्याम्प निर्माण कार्य




धाप बाँधको निर्माण कार्य संचालन गराउनको लागि परामर्शदाता तथा सिँचाइ इकाईका कर्मचारीहरू बस्दै आएको अस्थाई क्याम्प बाँध निर्माण सम्पन्न भएर पानी जम्मा हुन थाले संगै पोखरी क्षेत्रवाट हटाउनु पर्ने भएकोले धाप बाँध प्रवेश द्वार नजिकै क्याम्प निर्माण गरिएको छ । छोटो समयमा क्याम्प निर्माण सम्पन्न गरी प्रयोग गर्नुपर्ने भएकोले प्रिकास्ट कंक्रिटको प्यानल लगायत आधुनिक प्रविधिहरूको प्रयोग गरी उक्त क्याम्पको निर्माण गरिएको हो । करिव तीन महिनाको समयमा क्याम्प निर्माणको सम्पूर्ण कार्यहरू सम्पन्न गरी संचालनमा ल्याइएको थियो ।

## निकुञ्ज क्षेत्रमा सिमा पर्खाल निर्माण कार्य

शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रको विभिन्न स्थानहरूमा निकुञ्जले विगतमा लगाएका पर्खालहरू जिर्ण हुन गइ निकुञ्जको सूरक्षा तथा स्थानियवासीहरूलाई समेत निकुञ्जका जनावरहरूबाट असूरक्षाको अवस्था भइरहेको थियो। अत निकुञ्ज कार्यालयको अनुरोध तथा दातृ निकाय एडिवि को सहयोगमा फुलवारी गेट देखि रानीवन नर्सरी क्षेत्रका विभिन्न स्थानहरूमा करिव २८० मि पर्खाल निर्माण गरे संगै कुल ४ कि. मि. क्षेत्र सुरक्षित हुन पुगेको छ। टेवा पर्खाललाइ किफायती र गुणस्तरयुक्त वनाउन भ्यालु इन्जिनियरिडको सिद्धान्तमा आधारित भई विभिन्न विकल्पहरूमा अध्ययन भएको थियो। अन्त्यत निकुञ्ज कार्यालय समेतको सहमतिमा प्रिकास्ट कंक्रिटका प्यानेलको प्रयोग गरी न्युनतम समय र लागतमा निर्माण कार्य सम्पन्न गरिएको छ। यसै गरी सुन्दरीजल क्षेत्रमा नागमती वाँध आयोजनाको कार्यक्रम अन्तर्गत भने जस्तापाताको प्रयोग गरी करिव ७७५ मिटर लम्वाइमा सिमा पर्खालको निर्माण गरिएको छ।






## धाप ड्याम जलाशयको बाथिमेट्रिक सर्भेक्षण कार्य



धाप ड्यामको मुख्य निर्माण कार्यहरु सम्पन्न भए सँगै गतवर्ष वि.सं २०७९, तदनुसार ई.सं. २०२२ को मनसुनको समयदेखीनै बाँधमा पानी जम्मा गर्न थालिएको हो। गत वर्ष पानि जम्मा गर्दा २३ मंङसिर २०७९ देखि ९ पौष २०७९ गते सम्म , तदनुसार ९ डिसेम्वर २०२२ देखि २४ डिसेम्वर २०२२ सम्म पानी पोखरीको सवै भन्दा उच्च तह २०८५.३१ मि. लेभलसम्म पुगेको थियो र त्यस पछि क्रमिक रुपमा घट्दै गएको थियो। सम्पूर्ण निर्माण कार्य सम्पन्न भएर पोखरीमा पानी जम्मा हुन थाल्दा पोखरीको भू- सतहको तथ्याँक तथा पोखरीको क्षमता यकिन गर्न बाथिमेट्रिक सर्भेक्षण गरिएको थियो। यस सर्भेक्षणले पानी मुनीको तथ्यांक मात्र दिने हुँदा पानी माथिको सर्भेक्षण ड्रोनबाट गरिएको थियो साथै निर्माण ब्यावसायीको तर्फबाट गरिएको स्थलगत सर्भेक्षणलाइ समेत आधार मानेर जलाशयको क्षमता यकिन गरिएको छ। यस सर्भेक्षण र विश्लेषणको आधारमा जलाशयको कुल क्षमता १४ लाख २६ हजार घन मिटर रहेको पाइएको छ।



## निकुञ्ज क्षेत्रमा बृक्षरोपण कार्य

धाप बाँध निर्माणको सिलसिलामा २७९४ वटा रुखहरू कटान भएको हुँदा १:२५ का दरले ६९८५० वटा रुखहरू र धाप बाँधको क्षेत्र प्रयोग गरे बापत २०,०३२ वटा गरी

कुल ८९,८८२ वटा रुखहरू (करिव ९०,०००) हुने गरी बृक्षारोपण गर्नु पर्ने देखिएको थियो । सोही बमोजिम यी सम्पूर्ण बृक्षारोपण कार्यहरू सम्पन्न गर्नको लागि शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्जसँग समझदारी गरी निकुञ्ज मार्फत नै यी कार्यहरू हुँदै आएका छन् ।





हाल सम्म निकुञ्ज मार्फत करिव २७,६५० वटा र स्थानीय गै.स.स. मार्फत १५,००० वटा गरी कुल ४२,६५० वटा बृक्ष रोपण सम्पन्न भइ सकेको छ भने करिव ४७,३५० वटा बृक्षारोपण हुन बाँकी रहेको छ । निकुञ्ज कार्यालयले नागार्जुन क्षेत्रमा यस कार्यको लागि एक नर्सरी स्थापना गरेको छ । जहाँ करिव ७५,००० वटा विरुवाहरू उत्पादन भइ रोपणका लागि तयारी अवस्थामा रहेका छन् ।

## भवन निर्माण कार्य



गत आ. व. मा नै शुरु भएको भवन निर्माणको खरिद कार्यले यस आ. व. मा गति लिएको छ । बाँध संचालन भवन, निकुञ्ज भवन तथा सुरक्षा निकायको क्याम्पहरू निर्माणधिन अवस्थामा रहेका छन् । यसका साथै ड्याम क्षेत्रको सुरक्षाको लागि संरचनात्मक कार्यहरू, पर्यटकको लागि आवश्यक सुविधाहरूका साथै स्लोप प्रोटेक्सनको लागि थ्रिडि. एच. डि. पि. म्याटको नयाँ प्रविधिको समेत प्रयोग गरिएको छ । हाल सम्म यस कार्यको भौतिक प्रगति ४० प्रतिशत भएको छ भने आर्थिक प्रगति ३२ प्रतिशत भएको छ । हाल सम्म ठेक्का सम्झौता अवधिको करिव ४० प्रतिशत मात्र समय ब्यतित भएको हुँदा ठेक्काको समय सिमा भित्र नै सम्पूर्ण निर्माण कार्यहरू सम्पन्न हुने अपेक्षा गरिएको छ ।



## धाप ड्यामबाट जलप्रवाह

धाप ड्यामको उद्घाटन मिति २०७९ फागुन ४ गते सम्पन्न भए संगै आवश्यकताको आधारमा नदीमा पानी छाड्ने गरिएको छ । नदीमा कुन कुन समयमा र कति दिन पानी छाड्ने भन्ने विषयमा पशुपती क्षेत्र विकास कोष, अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति तथा स्थानीय तहहरू संगको समन्वयमा तय गरिएको छ । तदनुरुप पानी छाड्नुपर्ने न्युनतम चाडपर्वहरू र समय यसप्रकार रहेका छन् ।



## पशुपति क्षेत्रको लागि पानी छाड्नुपर्ने दिनहरू

| क्र स | चाड पर्वको नाम | महिना | पानी छाड्नु पर्ने दिन |
|---|---|---|---|
| १ | महाशिवरात्री | फागुन चैत्र | ३ |
| २ | बालाचतुर्दशी | मंशिर | २ |
| ३ | मातातिर्थ औंसी | बैशाख-जेठ | १ |
| ४ | छठ पर्व | कार्तिक-मंसिर | २ |
| ५ | मकर सक्रान्ति | माघ | १ |
| ६ | हरिबोधनी एकादशी | कार्तिक-मंसिर | १ |
| ७ | माधवनारायण मेलाको पहिलो र अन्तिम दिन | पैष-माघ | २ |
| ८ | रामनवमी | चैत्र | १ |
| ९ | नयाँ बर्ष | बैशाख | १ |
| | | जम्मा दिन | १४ |


उपरोक्त तालिका बाहेकको समयमा बाँधबाट पानी छाड्नको लागि माग भइ आएमा सम्वन्धित सरोकारवाला निकायहरूसंग आवश्यक छलफल र समन्वय गरी अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिको बोर्ड बैठकले निर्णय गर्नुपर्ने प्रावधान राखिएको छ। यस आ. व. २०७९/८० मा धाप बाँधवाट खोलिएको पानीको विवरण निम्न बमोजिम रहेको छ।

## आ. व. २०७९/८० मा धाप बाँधवाट प्रवाह गरिएको पानीको विवरण

| जलप्रवाहको उद्देश्य | जलप्रवाहको अवधि (घण्टा) | प्रवाह गरिएको पानीको आयतन (लिटर) |
|---|---|---|
| महाशिवरात्री | ४८ | ३ करोड |
| मातातिर्थ औंशी | १६ | १ करोड ६० लाख |
| डाँछी क्षेत्रमा खानेपानी | ८ | १६ लाख ८५ हजार |

## नदी वहावको सुनिश्चितता

बागमती जलाधार क्षेत्रको उत्तरी भाग काठमाण्डौ उपत्यकाको जलप्रबाहको प्रमुख श्रोतको रुपमा रहि आएको छ।




बागमती नदीको मुलखर्क देखि सुन्दरीजल क्षेत्रमा घरायसी पिउनेपानीको लागि दर्जनौ पाइपहरू बिच्छ्याइएका छन् भने सिँचाइ, विद्युत जस्ता अन्य उपयोगहरूको लागि समेत पानीको प्रयोग हुदै आएको छ। यसका अलावा ब्यवसायिक उपयोगको लागि मेलम्ची तथा केयुकेएलका प्रणालीहरूमा समेत पानीको उपयोग हुँदै आएको छ।




पानी उपयोगको यस सन्दर्भमा धाप बाँध बाट छाडिएको पानीलाइ वातावरणीय प्रयोजनको लागि निरन्तर नदीमा बगाउनु एक चुनौतीपूर्ण विषय बन्न पुगेको छ। यस समस्यालाई समाधान गर्न अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति, सिँचाइ इकाई तथा जलश्रोतको उपयोगकर्ता अन्य निकायहरूको समन्वयात्मक बैठक बस्ने र बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने गरिदै आइएको छ। यसै सन्दर्भमा धाप बाँधबाट छाडिएको पानीलाई बागमती स्थिती सुन्दरीजल जलविद्युत केन्द्रको हेडवर्क्सको पोखरीमा मापन गरी पथान्तरण गर्ने र टेलरेस बाट निस्कने उक्त पानीलाई मापन गरी पुन: नदीमा नै फर्काउने ब्यवस्था गरिएको छ। यस कार्यको लागि धाप बाँधमा सहित जम्मा तीन वटा रडार लेभल सेन्सर सहितको जलप्रवाह मापन केन्द्रहरू स्थापना गरिएका छन्। यस

कार्यलाइ ब्यवहारिक रुप दिन अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति, सिँचाइ इकाई, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) तथा सुन्दरीजल जलविद्युत केन्द्र बिच समन्वय हुँदै आएको छ ।





## धाप ड्याममा सिर्जित थप भण्डारण क्षामताको उपयोग




पूर्वसम्भाब्यता अध्ययनको आधारमा डिजाइन निर्माण सम्भौता मार्फत धाप ड्यामको निर्माण कार्य गरिएको हो । निकुञ्ज क्षेत्रमा तत्कालिन समयमा प्रयाप्त र विस्तृत अध्ययन गर्न नसकिदा सम्भावित जलाशयको आयतन करिव आठ लाख पचासहजार घनमिटर अनुमान गरिएको थियो । हाल निर्माण सम्पन्न भइ सकेपछि भएको अध्ययन को आधारमा जलाशयको कुल आयतन १४ लाख २६ हजार घन मिटर हुन गएको पाइएको छ । डिजाइनको समयमा आँकलन गरिएको जलाशयको क्षमता बराबरको पानी धाप बाँधको जलाधार क्षेत्रबाट संकलन हुने देखिन्छ तर बढ्न गएको क्षमताको लागि भने साविक जलाधार क्षेत्रबाट पानी आपुर्तिहुने सम्भावना देखिदैन । तथापी धाप बाँधको उत्तर-पश्चिम क्षेत्रभएर बग्ने खोल्सीबाट भने बर्षात्को समयमा पानीलाई पथान्तरण गरी धाप बाँध क्षेत्रमा सजिलै ल्याउन सकिने देखिन्छ । करिव चार सय मिटर लामो २५० मिलिमिटर ब्यास भएको एच डि पि पाइको प्रयोगबाट तिन महिनाको बर्षातको पानी ल्याउन सकिएको खण्डमा धाप बाँधमा करिव पाँच लाख घनमिटर थप पानी जम्मा गर्न सकिने देखिएको छ ।

## धाप बाँधमा पर्यटकीय गतिविधीहरू

यस आ.व. मा धाप बाँधको निर्माण सम्पन्न भई जलाशयमा पानी भरण भए संगै पर्यटकीय गतिविधीहरू बढ्न थालेका छन् । बिशेषगरी चाडपर्ब र सार्वजनिक बिदाका दिनहरूमा जलाशयको मनोरम दृश्य अवलोकन गर्ने उदेश्यले धाप बाँधमा आउने पर्यटकहरूको मेला नै लाग्ने गरेको छ ।






यस्ता गतिबिधिहरूले गर्दा एकातिर चिसोपानी स्थित होटल तथा पर्यटक ब्यवसायीहरू उत्साहित भएका छन् भने अर्को तर्फ निकुञ्ज क्षेत्रमा प्रबेश बापत उठाइने शुल्कको परिमाणमा बृद्धि हुँदा राष्ट्रिय निकुञ्जको आय श्रोतमा उल्लेखनीय बृद्धि हुन गएको पाइएको छ ।



निकुञ्ज कार्यालयको जानकारी अनुसार गत आ.व. २०७८/७९ मा रु एक करोड मात्र राजस्व उठाइएको थियो भने यस आ. व. २०७९/८० मा रु दुई करोड चौतिस लाख उठ्न गएको पाइएको छ । जुन गत बर्षको तुलनामा १३४ प्रतिशतले बढि हो । यस क्षेत्रमा ब्यवसायिक पर्यटकीय गतिविधिहरू संचालन गर्नको लागि निजि क्षेत्रहरूले पनि चासो देखाउन थालेका छन् । यसै क्रममा जल-खेलकुद सम्बन्धि एक संस्थाले आफ्ने ब्यवसायिक प्रस्ताव सहित अनुमतिको लागि पहल समेत गरेको छ र यस सम्वन्धमा थप छलफल र निर्णय हुन भने बाँकी नै रहेको छ ।

## नागमती बाँध आयोजना

### पृष्टभुमीः




धाप तथा नागमती बाँध आयोजनाको कार्यलाई अघि बढाउन वागमती कार्य योजना (२००९-२०१४)ले प्रस्ताव गरेको थियो । पछि वागमती नदी वेसिन सुधार आयोजना (BRBIP) अन्तर्गत धाप ड्यामको निर्माण संगै नागमती बाँधको विस्तृत अध्ययन तथा वातवरणीय प्रभाव मुल्यांकन अध्ययनको कार्य समेत संगै बढाइएको थियो भने अध्ययन प्रतिवेदन सन् २०१८ मा नै तयार भइसकोको थियो । तथापी बाँध स्थल राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने भएकोले वन मन्त्रालयले वातावरणीय अध्ययन सहमती प्रदान गर्न केहि समय लागेको र सन २०२१ मा सहमती प्राप्त भए संगै यस आयोजनाको कार्यन्वयनलाइ अघि बढाउन ढोका खुलेको थियो । गत आ. व ०७८/७९ देखि आयोजनाको अस्थाइ दरबन्दी स्विकृत हुँदै आएको छ भने कार्यन्वयनको श्रोत साधनको लागि उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय तथा विभाग अन्तर्गत कार्यालय कोड समेत प्राप्त भएको छ ।

## नागमती बाँधको उदेश्य र पानी बाँडफाँड सम्वन्धमा उच्चस्तरीय समझदारी

आयोजनाको शुरुको योजना र डिजाइन अनुसार नागमती बाँधको प्रमुख उदेश्य भनेको बर्षातको समयमा पानीलाई बाँध मार्फत जम्मा गरी सुख्खा याममा वागमती नदीमा बगाइ नदीको स्वच्छतामा सुधार गर्नु नै हो । यस बाँधको सहायक उदेश्य भनेको बाँध देखि सुन्दरीजलक्षेत्रसम्म पेनस्टक मार्फत पानी प्रवाह गरी करिव २.१२ मेघावाट विद्युत उत्पादन गर्नु रहेको थियो । यस आयोजनाको अध्यावधिक वातावरणीय अध्ययन गर्ने क्रममा खानेपानी मन्त्रालयवाट विद्युत गृहको अवस्थितिलाई मेलम्ची खानेपानी प्रणालीमा समेत पानी प्रवाह गर्न मिल्ने गरी निर्धारण गरिदिन अनुरोध भइ आएकोले यस सम्वन्धि सम्भाब्यताको लागि प्राविधिक अध्ययनहरू भएका थिए । उक्त अध्ययनहरूको आधारमा विद्युत गृहको प्रस्तावित अवस्थितिलाई मेलम्ची परिसरमा सारी केहि मिटर मात्र पानी लिफ्ट गरेर मेलम्ची प्रणालीमा प्रबाह गर्न सकिने देखिएको थियो । यिनै अध्ययनहरूको आधारमा नागमती बाँध आयोजनालाई नदी स्वच्छता, विद्युत उत्पादन तथा खानेपानी जस्ता महत्वपूर्ण उदेश्यहरू प्राप्त गर्न सकिने गरी बहुउदेश्यीय रुपमा एकिकृत जलश्रोत ब्यवस्थापनको अवधारणा बमोजिम कार्यन्वयन गर्न यस आयोजनासँग सम्वन्धित उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय बिच मिति फेबुअरी ५, २०२३, तदनुसार माघ २२, २०७९ मा त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको थियो । यस समझदारी पत्रमा भएका ब्यवस्थाहरू बमोजिम नै नागमती बाँध आयोजनाको तयारीका कार्यहरू हुँदै आएका छन् ।

## वातावरणीय अध्ययन अद्यावधिक गर्ने कार्य



नागमती बाँध आयोजनाको वातावरणीय अध्ययन कार्य आयोजनाको विस्तृत अध्ययन संगै सन् २०१५-२०१७ मा भएको थियो । तत्कालिन वन मन्त्रालयवाट अध्ययन कार्यको सहमती प्राप्तहुन समय लागेकोले EIA स्विकृती प्रकृया अघि बढ्न सकेको थिएन । आ. व. ७७/७८ मा वन तथा वातावरण मन्त्रालयवाट यस सम्वन्धमा स्विकृती प्राप्त भए संगै अद्यावधिक EIA तयार गर्ने कार्य अघि बढेको थियो । यस कार्यमा दातृ निकाय एडिवि ले समेत प्राविधिक सहयोग उपलव्ध गराएको छ ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन वनाउने क्रममा यस अघि तयार भएको EIA प्रतिवेदनमा तत्कालिन समयमा शहरी विकास मन्त्रालयको पुनरावलोकन समितिले उठाएका सवालहरूका साथै हालको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग एवं शिवपुरी राष्ट्रिय निकुञ्जवाट उठाएका सवालहरू, नयाँ वातावरणीय कानुनहरू एवं सरोकारवालाहरूवाट उठाइएका सवालहरूलाई समेत समेटेर हालको वातावरणीय अध्ययन प्रतिवेदन अद्यावधिक गर्ने कार्य सम्पन्न भइ स्विकृतीको प्रकृया अघि बढेको छ र हाल उक्त प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पुनरावलोकनको क्रममा रहेको छ ।

## दातृ निकायको मापदण्ड बमोजिम थप वातावरणीय तथा सामाजिक अध्ययन कार्य

नागमती बाँध आयोजना शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्जक्षेत्रमा निर्माणहुने हुँदा दातृ निकाय एडिवि को मापदण्ड बमोजिम “क” बर्गको प्रभावक्षेत्र हो । अत यस क्षेत्रको विशेष अध्ययनको लागि एडिवि ले प्राविधिक सहयोग अन्तर्गत दुइजना परामर्शदाता मार्फत अध्ययन कार्य अघि बढाएको छ भने नागमती बाँध आयोजनाले स्थलगत अध्ययन गराउदै एडिवि मार्फतको अध्ययन कार्यलाइ सहयोग पर्याउँदै आएको छ ।

वातावरणीय अध्ययन अन्तर्गत नदीजल गुणस्तर, बायु गुणस्तर, ध्वनी गुणस्तर, माटो तथा भुक्षय अध्ययन,









वनस्पति अध्ययन, माछा तथा माइक्रो इनभर्टिब्रेट अध्ययन आदि अध्ययन भएका छन् । एडिवि ले सन् २०१२ मा गरेको अध्ययनलाई हाल अध्यावधिक गर्ने कार्य भएको छ । यसै गरी सामाजिक अध्ययन अन्तर्गत घरधुरी सर्भेक्षण, समुह छलफल आदि हुनका साथै सार्वजनिक सुनुवाइहरू समेत भएका छन् । यसका अलावा बाँध, सडक, पेनस्टक लगायतका संरचनाहरूको लागि आवश्यक पर्ने जग्गाहरू यकिन गरी जग्गा अधिग्रहणको प्रकृया अघि बढाइएको छ ।

## डिजाइन पुनरावलोकन तथा लागत अध्यावधिक गर्ने कार्यहरू



नागमती बाँध आयोजनाको अध्ययन तथा डिजाइन प्रतिवेदनमा मेलम्ची खानेपानीको प्रयोजनको लागि पानी उपलब्ध गराउने प्रावधानलाई कार्यान्वन गर्न विद्युत गृह तथा पेनस्टक लाइनहरूको अवस्थितिमा परिवर्तन गर्नुपर्ने देखिएको थियो । साथै नागमती बाँध सम्म जाने सडकको डिजाइन पुनरावलोकन गर्नुपर्ने देखिएको हुनका साथै सुन्दरीमाई मन्दिर नजिक नागमती नदीमा एक वटा नयाँ पुल निर्माण गर्नुपर्ने, नागमतीको जलाशयको डुवानमा पर्ने सडकलाई पुर्नस्थापना गर्नुपर्ने कार्यहरूको डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य सम्पन्न भएको छ । यसका साथै आयोजनाको लागत अनुमान सन् २०१८ मा तयार भएको हुँदा यसलाइ अध्यावधिक गर्नुपर्नुका साथै दातृ निकायको एवं विभागीय सुझावहरूलाइ समेटेर पुनरावलोकन गर्ने कार्य समेत सम्पन्न भएको छ ।

## नागमती बाँध आयोजना क्षेत्रमा रुख गणना कार्य





नागमती बाँध आयोजनाको संरचनाहरूले ओगट्ने क्षेत्रहरू मध्ये निकुञ्ज क्षेत्र भित्र पर्ने रुखहरूको गणना विवरण तयार गर्ने काय वन ऐन २०७६ तथा वन नियमावली २०७९ बमोजिम गर्नु पर्ने देखिन्छ । आयोजनाको कार्यान्वयन प्रकृयालाइ द्रुत गतिमा अघि बढाउन रुख गणनाका साथ साथै रुखमा टाँचा लगाउने कार्य समेत एकमुष्ट रुपमा अघि बढाइएको छ । यस आ. व. मा शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्ज तथा यस आयोजनाको तर्फबाट बाट करिव ६१,५०० रुखहरूको गणना तथा टाँचा लगाउने कार्य सम्पन्न भएको छ र अझै केही रुखहरूको गणना गर्न बाँकी रहेको हुँदा आयोजना क्षेत्रभित्र करिव ७५००० वटा रुखहरू पर्ने अनुमान गरिएको छ । जसमध्ये रुख ४ प्रतिशत र पोल ९६ प्रतिशत रहने अनुमान गरिएको छ । गणनाको आँकडा अनुसार कटान हुने रुख तथा पोलहरुबाट १.५ प्रतिशत काठ, ९८.५ प्रतिशत दाउरा उत्पादन हुने देखिएको छ ।

## नागमती बाँध आयोजनाको तयारीको लागि एडिवि मिसन

नागमती बाँध आयोजनालाई कार्यन्वयको लागि अघि बढाउन दातृ निकाय एडिवि ले पनि चासो र सकृयता देखाएको छ । सन् २०२४ देखि लगानी गर्ने योजनाका साथ



एडिवि ले यसै आ.व. मा २०२३ मे महिनाको अन्तिम हप्तामा लोन कन्सल्टेशन मिसन सम्पन्न गरेको छ। यस मिसनमा आयोजनाको उदेश्य, डिजाइन तथा अनुमानित लागत, वातावरणीय तथा सामाजिक अध्ययन, कार्यन्वयन संयन्त्र तथा कार्यन्वयन कार्यतालिका, खरिद विधी आदिका सम्वन्धमा विस्तृत छलफल भएको थियो। यस मिसनले आयोजनाको अवधारणा पत्र (प्रोजेक्ट कन्सेप्ट पेपर) तयार गरेको छ र आगमी सेप्टेम्वर महिनामा एडिविबाट उक्त पेपर स्विकृत भए संगै आयोजना कार्यान्यनको रफ्तार बढ्नेछ।

## नागमती आयोजना सम्वन्धि अभिमुखीकरण कार्यक्रम

नागमती बाँध आयोजनाको बारेमा स्थानीय जनप्रतिनिधीहरू, उपभोक्ता एवं आयोजना प्रभावित घरपरिवारहरू एवं सम्बन्धित स्थानीय संघसंस्थाका प्रतिनिधीहरूलाइ औपचारिक जानकारी गराउने उदेश्यले आयोजना स्थलमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो। सुन्दरीजल तथा मुलखर्कमा एक एक दिन संचालन गरिएको उक्त कार्यक्रममा कुल ४५जना सहभागीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा जलश्रोतसम्वन्धि नीतिगत ब्यवस्थाहरू, नागमती बाँध आयोजनाको प्रस्तावित संरचनात्मक प्रावधानहरू, आयोजना कार्यन्वयनको संस्थागत ब्यवस्था, हालसम्मको तयारी अवस्था र प्रगति, बाँध सुरक्षा सम्वन्धि ब्यवस्था, आयोजनाको वातावरणीय तथा सामाजिक प्रभाव मुल्याँङ्कन तथा ब्यवस्थापन सँग सम्बन्धित विषयहरूमा छलफल भएको थियो। कार्यक्रमलाई वरिष्ट समाजशास्त्री श्री शोभा भण्डारी ले संयोजन गर्नु भएको थियो।

## कार्य प्रगति

धाप बाँध तर्फ यस आ.व मा बाँधको निर्माण कार्य सम्पन्न भइ पानी संचालन भएको छ। यसैगरी अस्थाई क्याम्प पनि तयार भई उपयोगमा आइसकेको छ भने निकुञ्ज क्षेत्रमा २८६ मिटर सिमा पर्खाल निर्माण सम्पन्न भएको छ। ड्याम सुरक्षाको लागि भवनहरू लगायत अन्य सम्वन्धित संरचनाहरू निर्माणाधिन छन्। धाप बाँध जलाशयको बाथिमेट्रिक सर्भेक्षण कार्य सम्पन्न भएको छ।

नागमती बाँध तर्फ आयोजना तयारीका कार्यहरू भइरहेका छन्। वातावरणीय अध्ययन कार्य सम्पन्न भइ स्विकृतिको





प्रकृया अघि बढेको छ। आयोजनाको थप अध्ययन सम्वन्धि प्राविधिक अध्ययनहरू भएका छन्। भौतिक पूर्वाधार तर्फ निकुञ्जको सिमा क्षेत्रमा जस्तापाताको पर्खालहरू निर्माण गरिएका छन्। यसै गरी आयोजना क्षेत्रका कटान गर्नुपर्ने रुखहरूको विवरण तयार गर्ने कार्य गरिएको छ। यस आयोजनाको यस आ.व. को भौतिक प्रगति ८१ प्रतिशत भएको छ भने आर्थिक प्रगति ७० प्रतिशत भएको छ।

## आयोजनामा अनुगमन तथा निरिक्षण

आयोजनाको निर्माण कार्यको सम्वन्धित निकायहरूबाट बेलाबेलामा अनुगमन तथा निरिक्षण हुने गरेको छ। यसै क्रममा शहरी विकास मन्त्रालय र उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय एवं विभागवाट बेलाबेलामा स्थलगत निरिक्षण भइ कार्यन्वयन सम्वन्धि सल्लाह सुझाव तथा निर्देशनहरू प्राप्त हुने गरेका छन्।





यसै गरी नागमती आयोजनालाई अघि वढाउने सन्दर्भमा आयोजना कार्यन्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउदै आएको विकास साझेदार सँस्था एसियाली विकास बैक (ए.डि.बि) का पदाधिकारी एवं विज्ञहरूबाट स्थलगत निरिक्षण गरि सुझावहरू प्राप्त भएको थियो। यसका अतिरिक्त एडिवि मिसन मार्फत समेत स्थलगत निरिक्षण गरी अनुगमन हुने गरेको छ।




नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय

**जलश्रोत तथा सिँचाइ विभाग**

**बागमती सुधार आयोजना**

**आयोजना कार्यान्वयन सिँचाइ इकाई**

गुह्येश्वरी, गौरीघाट, काठमाडौं

फोनः ०१-४११४३७४, इमेलः brbip.doi@gmail.com, वेभसाइटः https://dhapdam.gov.np